पूर्वेली जनसञ्चार सहकारी संस्था लि. विराटनगरद्वारा प्रकाशित जनविद्रोह दैनिकको परिवर्तित नाम
www.hamromat.com  www.facebook.com/hamromat2/ www.facebook.com/hamromat1/




# हाम्रोमत
राष्ट्रिय दैनिक

**सूचना**


प्रेस काउन्सिल नेपालबाट "क" वर्गमा सुचिकृत **जनविद्रोह दैनिक**को परिवर्तित रुप **हाम्रोमत दैनिक** तपाईकोमा नियमित आइरहेको छ ? हामीलाई कुनै सुझाव, गुनासो, सूचना, विज्ञापन भएमा वा ग्राहक बन्नलाई सम्पर्क गर्नुहोस् ।

हाम्रोमत दैनिक
विराटनगर-९, ट्राफिक चौक
फोन: ०२१-५१२७९० (ग्राहक सेवा: ९८४२०३१२२८)
hamromat@gmail.com | www.hamromat.com

वर्ष १८, अंक : २० | २०७८ वैशाख २८ गते मंगलबार | 2021 May 11 Tuesday | Hamromat National Daily | मूल्य रू. ५

## सरकारको पक्षमा ९३ सांसदमात्र

# प्रधानमन्त्री ओली पदमुक्त




हाम्रोमत संवाददाता

*विराटनगर, २७ वैशाख*

प्रतिनिधिसभाको दुईतिहाईभन्दा बढि मत प्राप्त गर्दै प्रधानमन्त्रीमा निर्वाचित भएका केपी शर्मा ओली विश्वासको मत गुमाएपछि पदमुक्त भएका छन् ।

सोमबार प्रधानमन्त्रीले प्रतिनिधिसभामा विश्वासको मत भागेकोमा २७१ जना सदस्य बहाल रहेकोमा ९३ जनाले मात्र समर्थन गरेपछि उनी पदमुक्त भएका हुन् ।

प्रतिनिधिसभामा विश्वासको मत पुस्ट्याइँका लागि भएको मतदानमा हुन्छ भन्ने पक्षमा प्रधानमन्त्रीले ९३ मत मात्रै पाए । विश्वासको मत प्राप्त गर्न हाल कायम रहेको २७१ सदस्यको बहुमत अर्थात १३६ मत गर्न आवश्यक हुन्थ्यो । प्रधानमन्त्रीको प्रस्तावको विपक्षमा १२४ मत खसेको छ भने १५ जनाले तठस्थ मतदान गरेका छन् ।

सोमबार प्रतिनिधिसभामा भएको मतदानमा २३२ सांसदहरु सहभागी थिए । एमालेको माधवकुमार नेपाल पक्षका २८ सांसद अनुपस्थित रहे भने जनता समाजवादी पार्टीका २ र राप्रपा सांसद राजेन्द्र लिङ्देन पनि अनुपस्थित रहे ।

मतदानमा जनता समाजवादी पार्टीको महन्थ ठाकुर पक्षका १५ जनाले तठस्थ बसेका थिए भने उपेन्द्र यादव पक्षका १५ जनाले मतदानमा भाग लिए । प्रधानमन्त्रीले आफूमाथि प्रतिनिधिसभाको विश्वास छ भन्ने स्पष्ट गर्न आवश्यक ठानेकाले सोही प्रयोजनका लागि राष्ट्रपति विद्यादेवी भण्डारीले सोमबारका लागि संसदको विशेष अधिवेशन बोलाएकी थिइन् ।

अधिवेशनको प्रारम्भमै सभामुख अग्निप्रसाद सापकोटाले राष्ट्रपतिबाट प्रतिनिधिसभाको अधिवेशन आव्हानसम्बन्धी पत्र पढेर सुनाएका थिए । त्यसलगत्तै सभामुखका प्रस्तावमा बैठक सञ्चालन गर्ने सांसद सम्मिलित अध्यक्ष मण्डल बनाएर सभामुखले १५ मिनेट बैठक स्थगित गरे ।

बाँकी ३ पेजमा

## अब नयाँ सरकार गठन हुने

हाम्रोमत संवाददाता

*विराटनगर, २७ वैशाख*

प्रतिनिधिसभाबाट विश्वासको मत गुमाएपछि प्रधानमन्त्री केपी शर्मा ओली स्वतः पदमुक्त भएका छन् । संसदमा विश्वासको मत पाउन नसकेर ओली पदमुक्त भएसँगै अब नयाँ सरकार गठनको प्रक्रिया अगाडि बढ्ने भएको छ ।

प्रधानमन्त्री ओलीले विश्वासको मत प्राप्त गर्न नसकेकाले वैकल्पिक सरकार निर्माणको प्रक्रिया राष्ट्रपतिको आह्वानसँगै अघि बढ्नेछ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले संविधानको धारा ७६ को उपधार २ अनुसार सरकार गठनका लागि आह्वान गर्नुपर्छ । प्रधानमन्त्री ओलीले विश्वासको नगरेपछि उहाँको कार्यकारिणी अधिकार सम्पूर्ण रुपमा विच्छेद भएकोले अब कार्यकारिणी अधिकारसहितको सरकार गठनका लागि राष्ट्रपतिले आह्वान गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

विपक्षी गठबन्धनमा रहेका कांग्रेस र माओवादीले जनता समाजवादी पार्टीको पूर्ण समर्थन प्राप्त गरेको अवस्थामा गठबन्धन सरकार निर्माण हुन्छ । गठबन्धन सरकारले पनि ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रावधान संविधानको धारा ७६ को उपधारा ४ मा छ ।

गठबन्धन सरकारले विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा भने प्रतिनिधिसभामा सबैभन्दा ठूलो दलको संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्न सक्ने प्राबधान उपधार ३ मा छ । यस्तो सरकारले पनि विश्वासको मत लिन सके संविधानको धारा ७६ को उपधारा ५ अनुसार कुनै पनि सदस्यले प्रतिनिधसभामा विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्तो सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्ने व्यवस्था छ ।

त्यसरी नियुक्त भएका प्रधानमन्त्रीले एक महिनाभित्र विश्वासको मत लिन नसकेमा संविधानको धारा ७६ को उपधारा ७ अनुसार प्रतिनिधिसभा विघटन गर्नसक्ने अधिकार छ । प्रतिनिधिसभा विघटन भएको ६ महिनाभित्र संसदको निर्वाचन हुनुपर्नेछ । प्रतिनिधिसभाको २७५ सदस्यमध्ये ४ जना एमालेमा प्रवेश गरेको कारण माओवादी केन्द्रले पदमुक्त गरेकोले अहिले २७१ बहाल छन् ।

बाँकी ३ पेजमा

## कोरोना संक्रमित पुरुषको शल्यक्रिया




हाम्रोमत संवाददाता

*धरान, २७ वैशाख*

सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कोभिड अस्पतालमा एक कोरोना संक्रमित पुरुषको जटिल किसिमको शल्यक्रिया सम्पन्न भएको छ ।

सोमबार बिहान सिरहाको कल्यााापुरका ४० वर्षीय पुरुषको आकस्मिक शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरिएको हो ।

पेट फुलेर ज्यादै दुख्नुका साथै ज्वरो, खोकी, वान्ता, श्वासप्रश्वासको समस्या देखा परेपछि सिरहाको फूलकुमारी महतो मेमोरियल अस्पतालमा उपचारको निम्ति जाँदा उनमा कोरोना पोजेटिभ रिपोर्ट आएको थियो । सो अस्पतालले उनलाई थप उपचारका लागि आइतबार धरान पठाएको थियो ।

प्रतिष्ठानको कोभिड अस्पतालमा थप जाँचहरु गर्दा सानो आन्द्रामा समस्या देखा परेको बताइएको छ । पेटमा संक्रमण फैलिएको हुँदा जेनेरल सर्जरी विभागका डा.निर्मलप्रसाद शाहको नेतृत्वमा आकस्मिक शल्यक्रिया गरिएको प्रतिष्ठानका सहप्रवक्ता डा.चुरामणी पोखरेलले जानकारी दिए ।

सर्जरी विभागका डा.विजय श्रेष्ठ, डा.सन्दीप खनाल, डा.सुनिल जैसवाल, डा.राजन सुवेदी तथा एनेस्थेसियाका डा.विशाल देव, डा.राजेश प्रजापतिका साथै नर्स सुरभी राई, मनिला मगर, हेल्पर सरोज कार्कीसहितको टिमले शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरेका थिए । कोरोनाको दोस्रो लहर शुरु भएयता पूर्णरुपमा बेहोस पारी अस्पतालमा अवस्थित शल्यक्रिया कक्षमा शल्यक्रिया भएको यो नै पहिलो हो ।

## कोभिड हस्पिटलमा संसदीय समितिको अनुगमन

# सरकारको भूमिका शुन्य रहेको गुनासो

राकेश कर्ण

*विराटनगर, २७ वैशाख*

प्रदेश १ प्रदेशसभाको सामाजिक विकास समितिले मोरङका ३ ठूला कोभिड अस्पतालहरुको अनुगमन गरेको छ ।

पछिल्लो समय उपचारको अभावमा संक्रमितहरुले ज्यान गुमाउनु परेको जनगुनासो बढेपछि सोमबार समितिले अस्पतालहरुको अनुगमन तथा निरीक्षण गरेको हो । समितिले विराटनगरस्थित कोभिड-१९ उपचार केन्द्र, नोबेल मेडिकल कलेज र बुढीगंगा-२ स्थित विराट मेडिकल कलेजद्वारा सञ्चालित कोभिड अस्पतालको अनुगमन गरेको हो । अनुगमनका क्रममा समितिले कोभिड अस्पतालहरुको अवस्था, समस्या तथा चुनौतीहरुबाारे जानकारी लिएको थियो ।

कोशी अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. चुमनलाल दासले कोभिड-१९ उपचार केन्द्र दुरुस्त अवस्थामा रहेको बताउँदै पुरानो ब्लकलाई पनि सञ्चालन गर्नुपर्ने बताए ।

बाँकी ३ पेजमा



## प्रदेश १ मा १३ संक्रमितको मृत्यु

हाम्रोमत संवाददाता

*विराटनगर, २७ वैशाख*

मोरङ र सुनसरीमा आइतबार साँझदेखि सोमबारसम्ममा १३ जना कोरोना संक्रमितको मृत्यु भएको छ ।

बुढीगङ्गा गाउँपालिकाको विराट मेडिकल कलेजमा तीन, विराटनगरको नोबेल मेडिकल कलेजमा ३, सुनसरीको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पाँच, न्युरो अस्पतालमा एक र सुनसरीको बराहक्षेत्रमा एक सङ्क्रमितको मृत्यु भएको हो ।

न्युरो अस्पतालमा विराटनगर महानगरपालिका-११ की ६७ वर्षीया वृद्धाको बिहान ५:५० बजेतिर मृत्यु भएको छ । पीसीआर परीक्षण गराउँदा कोरोना पुष्टि भएपछि उनलाई उपचारका लागि आइतबार अस्पताल भर्ना गरिएको थियो । अस्पतालका अनुसार मृतकमा श्वासप्रश्वासको समस्या पनि थियो ।

त्यस्तै विराटमा विराटनगर-११ का ४६ वर्षीय सङ्क्रमित पुरुषको बिहान ७:५५ बजेतिर मृत्यु भएको छ । कोरोना पुष्टि भएपछि उपचारका लागि वैशाख २० गते भर्ना गरिएका उनको उपचारकै क्रममा आइसोलेसनमा उनको मृत्यु भएको विराटका कोभिड अस्पताल इञ्चार्ज सुनिल देवले जानकारी दिए ।

बाँकी ३ पेजमा

## भारतीय नागरिकको रिट खारेज

हाम्रोमत संवाददाता

*इनरुवा, २७ वैशाख*

नेपालमै जन्मिएको दाबी गर्दै भारतीय नागरिकका पक्षबाट दायर गरिएको रिट जिल्ला अदालत सुनसरीले खारेज गरिदिएको छ ।

सुनसरीको दुहवीबाट ०३३००९-३२५ नम्बरको नेपाली नागरिकता लिन सफल भएका भारत अररिया नरपतगञ्जका बासिन्दा अनिरुद्ध शर्माका तर्फबाट अदालतमा गत बुधबार दायर रिट खारेज भएको हो ।

प्रहरीले पक्राउ गरेर शर्मालाई गैरकानुनी रुपमा हिरासतमा राखेको भन्दै रिहाइको माग गरेर कानून व्यवसायीहरु पञ्चदेव मेहता र लखन मेहताको सहयोगमा उनका जेठान ओमप्रकाश शर्माले रिट दायर गरेका थिए । त्यो रिट न्यायाधीश सुवासबाबु पुरीको इजलासले शुक्रबार खारेज गरिदिएको अदालतले जनाएको छ ।रिट खारेजीपछि शर्माविरुद्ध कारबाहीका लागि थप अनुसन्धान अघि बढाउन सुनसरी प्रहरीलाई बाटो खुलेको छ । आफ्ना बुवा भारतीय नागरिक भएपनि आफू नेपालमै जन्मिएको दाबी गरेका उनले त्यसको प्रमाण पुऱ्याउन नसकेपछि अदालतले रिट खारेज गरिदिएर प्रहरीलाई थप अनुसन्धानका लागि मार्ग प्रसस्त गरिदिएको हो ।

शर्मालाई नेपाली नागरिकताको प्रमाणपत्र दिलाउन भूमिका खेल्ने, सिफारिस र सनाखत गर्ने तथा नागरिकता वितरण गर्ने सरकारी कर्मचारी समेतलाई कानुनअनुसार कारबाही अघि बढाउन अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । नागरिकता वितरण टोलीमार्फत सुनसरीको दुहवी-६ बाट २०६३ साल माघ ७ गते जन्मसिद्धका आधारमा उनले नेपाली नागरिकता लिएका छन् ।

भारतबाट शर्मा २०५० सालमा नेपाल छिरेर दुहवीमा बस्न थालेका थिए । नागरिकता लिएपछि भने परिवारसहित दुहवीबाट विराटनगर महानगरपालिका-५ चाँदनी चोकमा आएर बस्न थालेको खुलेको छ । अदालतले दिएको अनुमतिका आधारमा मोरङ प्रहरीले गत सोमबार राति विराटनगरबाट उनलाई पक्राउ गरेको हो ।

पक्राउ गरेर बुझाएपछि सुनसरी प्रहरीले अदालतबाट म्याद थप गर्दै हिरासतमा लिएर शर्माविरुद्ध नागरिकता ऐनअन्तर्गतको मुद्दा चलाउन अनुसन्धान गरिरहेको छ ।

बाँकी ३ पेजमा

UNFPA

**NOTICE**

**UNFPA Office space required in Biratnagar**

UNFPA Nepal is seeking an appropriate property to rent for its field office to be based in Biratnagar. Interested parties/individuals with a property meeting the following criteria are requested to submit their offer by **23 May 2021.**

- Type of property - Earthquake Resistant building, meeting Nepal Building standards.
- Office space coverage - Maximum 5 persons.
- Security - Guard post (optional) with space for visitors; Compound with Boundary Wall and Iron Gate accessible to the vehicles. Alternatively, separately accessible office space with parking facilities.
- Storeroom size - Approx. 15' x 25' (optional)
- Parking space - At least 2 units of 4 wheelers, and/or 2 to 3 units of motorbikes.
- Easily accessible by Road by 4 wheelers.
- Preferred Location: In proximity of other UN and Government offices.
- Meeting room capacity - minimum for 15 persons (optional).

Please submit your offer with all the necessary documents (House completion report and certification, Map/Architectural designs, land ownership document, etc.) related to the property and pictures of the property/premises along with proposed monthly rent to:

If by post or courier:
**Envelope to be clearly marked as:** Biratnagar Office Space Proposal
The Representative
UNFPA Country Office
UN House
Pulchowk, Lalitpur
PO Box 107, Kathmandu
Nepal

If by email:
Email address: bid.nepal@unfpa.org:
Subject line should clearly mention: **Biratnagar Office Space Proposal**

For any queries you can write to **ukarki@unfpa.org** by 19 May 2021 for a response by 21 May 2021.

